# प्रेस विज्ञप्ती

फाल्गुण ५, २०७४

हाइटीमा गएको भूकम्प लाखौं बालबालिका र तिनीहरुका परिवारकोलागि ठूलो समस्या थियो । हाइटी पहिले नै एक गरिब र नाजुक अवस्थामा रहेको देश थियो । त्यहाँ गैरसरकारी संस्थामा कार्यरत कर्मचारीले पनि स्थानीयको दुख र धेरै क्षति देखेकाले उनीहरुको लागि पनि यो चुनौतीपूर्ण समय थियो ।

समर्थकहरु र साझेदारहरुको उदारताका कारण वर्ल्ड भिजन हाइटीमा २०,००,००० भन्दा बढी प्रभावित व्यक्तिमाझ पुग्न सफल भयो । यस अन्तर्गत वर्ल्ड भिजनले ४०,००० भन्दा बढी घरधुरीलाई आपतकालीन आवास सामग्री र ९०,००० भन्दा बढी व्यक्तिलाई खानेपानी उपलब्ध गराउन सफल भएको थियो । हामीले ३० भन्दा बढी बालमैत्री स्थानको स्थापना गर्नुका साथै ३०,००० भन्दा बढी व्यक्तिलाई कोलेरा रोगको रोकथाम र उपचार गर्न सहयोग गरेका थियौं । हामीले १२ वठा मोबाइल र स्टयाटीक स्वास्थ्य क्लिनिकपनि सञ्चालन गरेका थियौं ।

हामीले गरेका हरेक कार्यक्रम उत्तम नहुन सक्छ तर बेलायत र आइरल्याण्डमा प्रकाशित *मेल अन सन्डे* पत्रिकामा प्रकाशित समाचारले वर्ल्ड भिजनले गरेका कार्यक्रमको गलत व्याख्या गरेको र वर्ल्ड भिजनले हाइटीमा गरेका मुख्य उपलब्धीलाई छायाँमा पारेको छ । हाम्रा मुख्य उपलब्धीहरु हामीले सार्वजनिक रुपमा प्रस्तुख गरेको र सम्बन्धित निकाय, दातृ निकाय र माथि उल्लेखित सञ्चार माध्यम *मेल अन सन्डे* का पत्रकारलाई पनि धेरै वर्ष अगाडी प्रस्तुत गरेको हो ।

सन् २०१० र २०११ मा वर्ल्ड भिजन र साझेदार संस्थाले कामका लागि नगद शीर्षक भएको कार्यक्रमको मूल्याकंन गर्दा सरकारद्वारा सञ्चालित क्यामपमा नातावाद, यौन शोषण र गलत तथ्याङक राख्ने जस्ता गम्भीर मुद्दाहरु प्रकाशमा आएका थिए ।

वर्ल्ड भिजनले गरेको विस्तृत छानबिनबाट यौन शोषणमा संल्गन व्यक्ति वर्ल्ड भिजनको कर्मचारी नभइ सामुदायिक स्वयंसेवक र कामका लागि नगद कार्यक्रमाका लाभग्राही भएको सत्य अगाडी आएको हो ।

हामीले काम गर्ने समुदायप्रतिको हाम्रो जवाफदेहीता अनुसार हामीले यी विषयका बोरमा सम्बन्धित निकायलाई जानकारी गराएर भविष्यमा यस्तो समस्या आउन नदिन सो निकायसँग मिलेर सम्बन्धित तालिम र कार्यप्रणालीको विकास गरेका छौं । यो जानकारी हाम्रो जवाबदेहीता प्रतिवेदन सन् २०११, २०१२ र २०१४ मा सार्वजनिक रुपमा उपलब्ध छ । हामीले यी प्रतिवेदन र केही आन्तरिक आगजात *मेल अन सन्डे* का पत्रकार इयान बिरेलालाई सन् २०१४ मा उपलब्ध गराएका थियौं ।

हाइटीमा वर्ल्ड भिजनका कर्मचारी वा वर्ल्ड भिजनसँग आबद्ध व्यक्तिबाट अनुचित व्यवहार भएको हुन सक्छ र सो घटनाको रिपोर्ट पनि नभएको हुन सक्छ । यस्तो अवस्थामा यदि तपाईले कुनै योन शोषण वा र्दुव्यवहार भएको देख्नु वा भोग्नु भएको छ भने हाम्रो गोप्य सूचना प्रदान गर्ने ह्विसलब्लोअर फोन नम्बरमार्फत हामीलाई जानकारी गराउनुस र हामी त्यसको विस्तृत छानबिन गर्नेछौं । (आनलाइनबाट रिपोर्ट गर्न यहाँ सर्म्पक गर्नुहोस् http://worldvision.ethicspoint.com वा +१-५०३-७२६-३९९० मा फोन गर्नुहोस् ।)

यस विषय सम्बन्धी वर्ल्ड भिजनले कसैलाई रक्षा गर्न वा केही रिपोर्ट गर्न असफल भएको कसैलाई लाग्दछ भने हामी क्षमाप्रार्थी छौं ।

वर्ल्ड भिजनलाई विश्वास छ बालबालिकाको लागि अझ राम्रो संसार निर्माण गर्न सम्भव छ । अरु गैरसरकारी संस्था जस्तै वर्ल्ड भिजन पनि यी गम्भीर विषयको समाधान गर्न, यसबाठ पाठ सिक्न र यी विषयका बारेका हाम्रा साझेदारहरुसँग विस्तृत छलफल गर्न प्रतिबद्ध छ ।